समाज

# चौँरी लेकमा दिगो वन व्यवस्थापन र पर्यापर्यटन प्रवर्द्धनका लागि अन्तरक्रिया






निराजन वि.क सिर्पाली

१५ भदौ आइतबार, २०८२ | १७:२७:०० मा प्रकाशित

७१४

16 Shares

रुकुम पूर्वको प्रमुख पर्यटकिय स्थल चौँरी लेकमा दिगो वन व्यवस्थापन, पर्यापर्यटन प्रवर्द्धन र वातावरण संरक्षणका विषयमा सरोकारवालासँग अन्तरक्रिया तथा फोहोर संकलन तथा व्यवस्थापन कार्यक्रम सम्पन्न भएको छ ।

सिस्ने–४ दादिङमा दोस्रो वडा कप खेलकुद प्रतियोगिता २०८२ को तयारी पूरा

जनप्रिय मावि दादिङको प्राङ्गण सरसफाइ गरियो

रुकुम पुर्वमा लाग्ने पाच पुर्णिमा मेलाको तयारी पुरा, २२ र २३ गते भव्य मेला लाग्ने

दशैंको बोको !

पहिरोले रुकुम पूर्व स्थित मध्यपहाडी लोकमार्ग अवरुद्ध

















शनिबार सम्पन्न कार्यक्रममा लुम्बिनी प्रदेश वन तथा वातावरण मन्त्रालयका सचिव, वन महानिर्देशक, रुकुम पूर्वका प्रमुख जिल्ला अधिकारी, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरीलगायत सुरक्षा निकायका प्रमुख, विभिन्न जिल्लाका डिभिजन वन कार्यालयका प्रमुख र वन अधिकृतहरू, भुमे गाउँपालिका–१ का वडा अध्यक्ष, अन्य स्थानीय तहका जनप्रतिनिधि तथा समाजका विभिन्न क्षेत्रका सरोकारवालाहरूको उपस्थितिमा कार्यक्रम सम्पन्न भएको हो ।

डिभिजन वन कार्यालय रुकुम पूर्वका कार्यालय प्रमुख गणेश खड्काले चौँरी लेक क्षेत्रलाई दिगो वन व्यवस्थापन र पर्यापर्यटन प्रवर्द्धनमार्फत दीर्घकालीन रुपमा संरक्षण गर्ने उद्देश्यले कार्यक्रम गरिएको जानकारी दिनुभयो । कार्यालय प्रमुख खड्काले प्राकृतिक सौन्दर्यले

















भरिपूर्ण चौँरी लेक क्षेत्रलाई दिगो पर्यटन गन्तव्यको रूपमा विकास गर्नुका साथै स्थानीय समुदायलाई पनि प्रत्यक्ष लाभ हुने गरी व्यवस्थापन गर्नुपर्ने आवश्यकता रहेको बताउनुभएको छ ।

"वन र वातावरण संरक्षणसँगै फोहोर व्यवस्थापनलाई व्यवस्थित बनाउन सकेमा चौँरी लेक केवल रुकुम पूर्वकै नभई प्रदेश र राष्ट्रिय स्तरको आकर्षक पर्यटन केन्द्र बन्न सक्छ," कार्यालय प्रमुख खड्काले भन्नुभयो । उहाँले थप्नुभयो, "यस कार्यमा स्थानीय समुदाय, निकाय, सरोकारवाला तथा राज्यका विभिन्न तहबीच सहकार्य आवश्यक छ।"





यस अवसरमा सहभागी विशिष्ट व्यक्तित्वहरूले पनि चौँरी लेकको संरक्षण र प्रवर्द्धनलाई दिगो रूपमा अघि बढाउन सुझाव र प्रतिबद्धता व्यक्त गर्नुभएको छ । उहाँहरुले वनको अन्धाधुन्ध दोहन नियन्त्रण, वातावरण संरक्षण र पर्यटनसँग जोडिएको स्थानीय रोजगारी सिर्जनामा जोड दिनुपर्ने धारणा राख्नुभएको छ ।

कार्यक्रमको अन्त्यमा फोहोर संकलन सँगै व्यवस्थापन पनि गरिएको थियो फोहोर व्यवस्थापन र वातावरणमैत्री पर्यटनका विषयमा व्यवहारिक सन्देश दिने उद्देश्यले चौंरी क्षेत्रको फोहोर संकलन गरी व्यवस्थित गरिएको छ ।




















कार्यक्रममा सहभागिता र सहयोग प्रदान गर्ने मन्त्रालयका सचिव, महानिर्देशक, प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकायका प्रमुख, विभिन्न डिभिजन वन कार्यालयका प्रमुख तथा वन अधिकृतहरू, भुमे गाउँपालिका–१ का वडा अध्यक्ष तथा सरोकारवालाप्रति डिभिजन वन कार्यालय रुकुम पूर्वका प्रमुख खड्काले विशेष आभार प्रकट गर्दै धन्यवाद ज्ञापन गर्नुभएको छ ।।



Samabeshi ...
12K followers
Follow Page

ट्विटर

Tweets by @Samabeshi24




















*तस्बिरहरु डिभिजन वन कार्यालयको फेसबुक पेजबाट ।*

लेखकबाट थप

१. **जिल्ला प्रहरी कार्यालय रुकुम पूर्वद्वारा शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न**